# छाडिएका भगवान् कथामा यथार्थवाद

■ डा. शंकरप्रसाद गैरे*
gaireshankar2012@gmail.com

**सार**

प्रस्तुत समालोचनात्मक लेख रामलाल जोशीद्वारा लिखित छाडिएका भगवान् कथाको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत कथा जोशीको बाआमा कथासङ्ग्रहमा समाविष्ट छ । सङ्ग्रहमा समाविष्ट बाह्रवटा कथामध्ये आठौँ क्रममा रहेको प्रस्तुत कथाले मूलतः नेपालको सुदूरपश्चिमको समकालीन ग्रामीण परिवेश र त्ससँग सम्बन्धित गाउँबस्तीको वर्तमान यथार्थ अवस्थाको वस्तुपरक प्रस्तुति गरेको पाइन्छ । सुदूरपश्चिममा मात्र नभई नेपालका हरेक ग्रामीण बस्तीहरूमा मान्छे पातलिँदै गएको विषयलाई सङ्केत गरेको प्रस्तुत कथाले त्यसका लागि सुदूरपश्चिमको गाउँलाई माध्यम बनाएको छ । वृद्धवृद्धाहरूलाई आफू जन्मिएको, हुर्किएको र जीवनका महत्त्वपूर्ण समय व्यतीत गरेको आफ्नो भूमि छाड्न मन नलाग्ने तर नयाँ पुस्ताको सहर र विदेशी भूमिप्रतिको मोहका कारण उनीहरू गाउँमा नफर्कने गरेको विषयलाई प्रस्तुत गरेको पाइन्छ । गाउँमा जीवनका अन्तिम समय व्यतीत गरिरहेका वृद्धवृद्धाका आफ्ना भाव तथा उनीहरूकै कथनका माध्यमबाट युवापुस्ताको दृष्टिकोण र व्यवहारलाई प्रस्तुत गरेको यस कथाले वर्तमान नेपालका ग्रामीण समाजको यथार्थको चित्रलाई प्रस्तुत गरेको पाइन्छ । कथामा अभिव्यक्त भएको विषय, भाषा र भावको तथ्यात्मकताले कथालाई यथार्थवादी कथाका रूपमा प्रस्तुत गरेको पाइन्छ । प्रस्तुत लेखमा रामलाल जोशीको छाडिएका भगवान् कथालाई प्रमुख स्रोत सामग्रीका रूपमा चयन गरेर पुस्तकालयीय स्रोत सामग्रीको प्रयोग गरी अध्ययनलाई अगाडि बढाइएको छ । पहिचानात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ । प्रस्तुत समालोचनात्मक लेखमा छाडिएका भगवान् कथामा यथार्थवादको केकस्तो प्रयोग पाइन्छ भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही कथालाई यथार्थवादी दृष्टिकोणबाट विश्लेषण गरी प्रस्तुत कथा यथार्थवादका सापेक्षमा सवल र प्रभावकारी रहेको निष्कर्ष निरूपण गरिएको छ ।

**शब्दकुञ्जी** : चित्रात्मकता, तथ्यात्मकता,यथार्थता, वस्तुता, सत्य निरूपण ।

* गैरे त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पामा प्राध्यापनरत हुनुहुन्छ ।

## १. विषयपरिचय

प्रस्तुत 'छाडिएका भगवान्' कथा आख्यानकारको रूपमा विशेष परिचय बनाएका स्रष्टा रामलाल जोशीको बाआमा आख्यानमा समावेश भएको कथा हो । हत्केलामा आकाश (२०५७) गजलसङ्ग्रह, ऐना (२०७२) कथासङ्ग्रह, सखी (२०७५) उपन्यास कृतिका लेखक जोशीको बाआमा कृतिलाई लेखकले आख्यानमात्र भन्नुले यो उपन्यास र कथामध्ये कुन भेदमा पर्छ भन्ने कुरा स्पष्ट नभएको कृतिका रूपमा देखापर्दछ। यसभित्र बाह्रवटा विभिन्न शीर्षकका आख्यान रचनाहरू छन्। जसमध्ये केही रचनाबाहेकका आख्यानहरूकुनै न कुनै तन्तुले प्रत्यक्षपरोक्ष रूपमा एकअर्कासँग अन्तर्सम्बन्धित देखिन्छन्, तापनि उपन्यासमा परिच्छेदहरूको सङ्गठन एकआपसमा जुन रूपमा कसिएको हुनुपर्दछ;बाआमा कृतिका पाठहरू त्यसरूपमा संबद्ध नहुनु र पाठहरूलाई निरपेक्ष तुल्याउँदा कुनै पनि कोणबाट अपूर्ण बोध नहुने हुनाले प्रस्तुत कृतिलाई कथासङ्ग्रह मान्न सकिने बलियो आधार प्राप्त हुन्छ । अतः यस अनुसन्धेय समालोचनात्मक लेखमा प्रस्तुत बाआमा कृतिभित्रको आठौं क्रममा रहेको 'छाडिएका भगवान्' पाठलाई स्वतन्त्र सङ्कथन वा कथा मानी यहाँ त्यस कथाको विश्लेषण गरिएको छ ।

प्रस्तुत कथा यथार्थवादको सैद्धान्तिक पर्याधारका सापेक्षमा बलियो र प्रभावकारी देखापर्दछ । स्वच्छन्दतावाद र आदर्शवादका विरुद्धमा जीवन र जगत् जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गरि नुपर्दछ भन्ने मान्यताका साथ समाजका सामान्य र निम्न वर्गका विषय उठाउने, तिनले प्रयोग गर्ने भाषा, जीवनशैली, सङ्घर्ष र समस्यालाई प्रस्तुत गर्ने, असमानता, विभेद अराजकतालाई नाङ्गो रूपमा प्रस्तुत गरेर त्यसप्रति सजग र सचेत हुन सम्बन्धित पक्षलाई सङ्केत गर्ने अभिव्यक्ति कला भएका रचनालाई नै यथार्थवादी रचना भनिन्छ । रामलाल जोशीले आफ्ना कथाहरूमा मूलतः नेपालको सुदूरपश्चिमका ग्रामीण समाजका जीवन भोगाइ, दयनीयता, सङ्घर्ष जस्ता विषयको प्रस्तुति गर्ने हुनाले उनका कथाहरूमा यथार्थवादको प्रभाव पाइन्छ । यस दृष्टिकोणले उनको बाआमाआख्यानसङ्ग्रहमा समाविष्ट 'छाडिएका भगवान्' कथा महत्त्वपूर्ण देखिन्छ । प्रस्तुत कथाले वर्तमान समयमा नेपाली समाजमा; विशेषतः ग्रामीण समाजमा युवापुस्ता बस्न छाडेको, उनीहरू सुख र सम्पन्नताको खोजीमा सहर पसेको र विदेश पलायन भएको विषयलाई उठाएको पाइन्छ । ती युवापुस्तामध्ये कतिपयले गाउँमा छाडिएका आफ्ना वृद्ध आमाबुबाप्रति कुनै प्रकारको वास्ता नगरेको वा बेवास्ता गर्ने गरेको र माया हुने वा देखाउनेहरूले पनि आफू गाउँमा फर्कन नसक्ने बताउँदै वृद्ध आमाबुबालाई आफूसँगै हिड्न आग्रह गर्ने गरेको विषयसन्दर्भका साथै वृद्धवृद्धाहरू आफू जन्मेको, हुर्केको र जीवन बिताएको माटो, गाउँ र आफूले जोडेको वैभव छोडेर हिँड्न नसक्ने हुनाले उनीहरू वृद्ध अवस्थामा सहाराविहीन अवस्थामै गाउँमा बसिरहेको सन्दर्भलाई प्रस्तुत कथाले अभिव्यक्त गरेको छ । यस कथाले उठाएको विषय नेपालका हरेक क्षेत्रका गाउँका विषय हुनु, हरेक ग्रामीण बस्ती युवायुवती विहीन हुनु र वृद्धवृद्धाहरूमात्र गाउँघर कुरे बस्नुजस्ता यथार्थको प्रस्तुति

भएकाले यो कथा यथार्थवादी कथाका रूपमा प्रभावकारी छ । परन्तु यथार्थवादका सैद्धान्तिक पर्याधारका सापेक्षमा प्रस्तुत कथालाई हालसम्म अध्ययन, अनुसन्धान र विश्लेषण नगरिएको हुनाले प्रस्तुत कथामा यथार्थवादको केकस्तो प्रस्तुति पाइन्छ भन्ने मूल समस्यामूलक प्रश्नमा केन्द्रित रही अध्ययनलाई सम्पन्न गरिएको छ। प्रस्तुत लेख निर्धारित कथामा अभिव्यक्त यथार्थवादलाई पहिचान गरी गहन विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

## २. अध्ययनविधि तथा विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अनुसन्धेय लेखमा रामलाल जोशीको 'छाडिएका भगवान्' कथालाई यथार्थवादका सापेक्षतामा विश्लेषण गर्ने कार्य गरिएको छ । अतः प्रस्तुत अनुसन्धानमूलक लेखलाई सम्पन्न गर्न सामग्री सङ्कलन तथा विश्लेषण विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ। प्रस्तुत लेखको मुख्य स्रोत सामग्रीका रूपमा रामलाल जोशीको बाआमा कथासङ्ग्रहमा समाविष्ट 'छाडिएका भगवान्' कथालाई चयन गरिएको छ भने द्वितीय स्रोतअन्तर्गत पुस्तकालयीय स्रोत सामग्री उपयोग गरिएको छ । यसअन्तर्गत सैद्धान्तिक समालोचनाका सन्दर्भग्रन्थहरूको उपयोग गरिएको छ । सङ्कलित सामग्रीका आधारमा विश्लेषण विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

### २.१ यथार्थवाद

यथार्थवाद मूलतः पाश्चात्य जगत्मा सर्वप्रथम दर्शनका क्षेत्रमा देखापरेको विषय हो । अङ्ग्रेजीमा यसलाई रियलिज्म भनिन्छ । यथार्थवाद तत्सम वर्गको समस्त शब्द हो । यथार्थवादसम्बन्धी चिन्तनको लामो परम्परा पूर्वीय संस्कृत वाङ्मयमा समेत देखापर्दछ तापनि यसको सैद्धान्तिक पृष्ठभूमिको आधार भने पश्चिमा जगत् नै मानिन्छ। पूर्वीय संस्कृत वाङ्मयमा 'सत्यम् शिवम् र सुन्दरम्'को दार्शनिक धरातलमा देखिएको चिन्तनमध्ये यथार्थवादको सम्बन्ध 'सत्यम्'का निकट छ भन्ने मान्यता रहेको पाइन्छ भने पश्चिमा जगतमा यथार्थ के हो भन्ने चिन्तनको प्रथम विन्दु ग्रिक दार्शनिक प्लेटोमा भेटिने कुरा समालोचकहरूले औंल्याउने गरेको पाइन्छ। यिनले प्रत्ययलाई यथार्थ मान्दै बाह्य संसारका वस्तुलाई नभएर तिनका प्रत्यय, प्रतीति, आदर्श र विचारलाई यथार्थ ठान्ने गरेको पाइन्छ (त्रिपाठी, २०४९, पृ.४२) परन्तु आधुनिक यथार्थवादले इन्द्रियजन्य यथार्थलाई वास्तविक यथार्थ मान्ने गरेको पाइन्छ।

दार्शनिक धरातलमा यथार्थवादको लामो बहस परम्परा रहेको भए पनि यसले साहित्यका क्षेत्रमा सैद्धान्तिक आधारको स्थापना उन्नाइसौं शताब्दीमा आएर मात्र प्राप्त गरेको देखिन्छ । यसको आरम्भ जर्मनबाट भएको मानिन्छ। यसलाई एकातिर स्वच्छन्दतावादी लेखनका साथै परिष्कारवाद र आदर्शवादका विरोधमा खडा भएको साहित्य सिद्धान्तका रूपमा स्वीकार गरेको पाइन्छ भने अर्कोतर्फ फ्रान्सेली दार्शनिक अगस्तस कोन्तको भाववादको भूमिका महत्त्वपूर्ण रहेको मानिन्छ (श्रेष्ठ, २०५८,

पृ. १८१) । त्यसैगरी फ्रान्सेली राज्यक्रान्तिलाई बल प्रदान गर्ने राजनीतिसम्बन्धी विचारहरूको प्रचारको माध्यमका रूपमा साहित्यलाई उपयोग गर्ने प्रयोजन र उद्देश्यस्वरूप यथार्थवादको आरम्भ भएको मानिन्छ । आरम्भमा स्वयं भावनाप्रधान स्वच्छन्दतावादी रोमान्टिक कविका रूपमा परिचित हाइनरिख हाइनेले १८२७ मा रोमान्स भावुकताको उपहास गर्दै र क्रमशः धनी सामन्तवर्गको विरोध गर्नुका साथै मजदुरवर्गका पक्षमा सहानुभूति प्रकट गर्दै सिर्जना गर्न थालेको देखिन्छ । यिनलाई यथार्थवादका प्रवर्तक मानिएको पाइन्छ (जोशी, २०५७, पृ. ४१) । यस शैलीको लेखनमा यिनलाई जर्न हर्वे, फर्डिनान्ड फ्रेलिग्रँथ, होमम्यान आदिले साथ दिएको देखिन्छ ।

कविताबाट थालिएको भए पनि मूलतः चित्रकला र साहित्यका आख्यान विधामा यथार्थवादको अधिक प्रयोग भएको देखिन्छ । ड्यानियल डिफो,हेनरी फिल्डिङ, बाल्जाक, गुस्ताभ फ्लाबेर, गुँकोर्ट, जर्ज एलियट, विलियम डिन ह्वेस हुँदै युरोप अमेरिकाली साहित्यका माध्यमबाट यथार्थवादी साहित्य लेखन चिन्तनले विश्वव्यापी रूपमा प्रभाव पारेको पाइन्छ । साहित्यका क्षेत्रमा यथार्थवादको व्यापकता र लोकप्रियतासँगै यसका सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, समाजवादी यथार्थवाद, प्रकृतवाद, ऐतिहासिक यथार्थवाद लगायतका भेदहरू देखिन थालेको पाइन्छ,तापनि मूलतः सामाजिक यथार्थवादलाई नै यथार्थवादका रूपमा चर्चा गर्ने गरेको पाइन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३००) । यथार्थवादको उठान र विस्तारका सन्दर्भबाट यसको अध्ययन गर्दा पनि मूलभूत रूपमा सामाजिक यथार्थवादका वैशिष्ट्यहरू नै यथार्थवादको परिचयका सन्दर्भमा उल्लेख हुने गरेको पाइन्छ ।

कुनै पनि विचार, चिन्तन दर्शनको आरम्भ शून्यमा हुँदैन, त्यसका पछाडि कुनै न कुनै कारण अवश्य रहन्छ भन्ने दृष्टिकोणबाट हेर्दा तत्कालीन अवस्था फ्रान्सेली राज्यक्रान्तिको समयमा साहित्यले स्वच्छन्दतावादी स्वप्निल कल्पनाशीलतामा रमाउँदै जीवनआदर्शको अभिव्यक्ति गरिरहेको अवस्थामा आन्दोलनले वस्तुतथ्य र यथार्थको माग गरिरहेको सन्दर्भमा स्वच्छन्दतावादी आदर्शवादी विचार हरूको अस्वीकृतिका रूपमा यथार्थवादी साहित्यचिन्तन लेखनको आरम्भ भएको देखिन्छ (मिश्र, सन् १९७८, पृ. २०३) । परन्तु यो सिद्धान्त पूर्ववर्ती स्वच्छन्दतावाद र आदर्शवाद आदिका विरोधमा मात्र उठेको नभई मौलिक गुणले समेत सुशोभित्र रहेको मानिन्छ (मिश्र, सन् १९७८, पृ. २०४) । यस कोणबाट यथार्थवादको अध्ययन गर्दा यसका मौलिक उपलब्धिहरूसमेत देख्न सकिन्छ । स्थानीय दृश्य र समयस्पन्दन; समकालीन घटना र परिस्थिति, कथावस्तुका निम्ति खास महत्त्वपूर्ण नभए पनि ठाउँ र व्यक्तिको सूक्ष्मातिसूक्ष्म विवृत्ति, भाषिका र क्षुद्र भाषाको प्रयोगको यथावत् पुनरुत्पादन, विज्ञान र व्यवसायका क्षेत्रका शब्दावली तथा पारिभाषिक शब्दको विशेष प्रयोग, डकुमेन्ट, चिठी, स्मारिकाको अन्तर्भावद्वारा वर्णित घटनाप्रति विश्वसनीयताको संवर्द्धन (त्रिपाठी, २०४९, पृ. ४४) जस्ता वैशिष्ट्य भेटिन्छन् । यथार्थवादले कोरा यथार्थ अर्थात् फोटोग्राफिक यथार्थको मात्र चित्रण गर्ने

नभई त्यसमा वैयक्तिकता र सिर्जनात्मकताको समेत मिश्रण गरेको हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३००) भन्ने मान्यता रहेको पाइन्छ । चलनचल्तीको भाषिक प्रयोग यथार्थवादको नौल्याइपूर्ण विशेषता मानिन्छ भने यसले जीवनका विविध पक्षको यथातथ्य प्रस्तुति गर्ने मान्यता रहे पनि मूलतः मानवीय दीनता, कुरूपता, बीभत्सता, विकृति, कमजोरी, दुर्गुणहरूकै चित्रणमा यो केन्द्रित रहने गरेको (जोशी, २०५७, पृ. ४८) मानिन्छ । समाजमा व्यक्तिमा वा व्यवस्थामा दोष देखिन थालेपछि त्यसको यथातथ्य चित्रण गर्दै दोषविनाशको प्रयत्नतर्फ लक्षित लेखनका रूपमा चिनिने (भारद्वाज, सन् २०११, पृ. २२१) यथार्थवादले चलनचल्तीको सरल भाषाको प्रयोगलाई महत्त्व दिन्छ भने तार्किकता यसको अर्को महत्त्वपूर्ण पक्ष हो (बराल, २०५५, पृ. ६७१) । यथार्थवादपूर्वको साहित्यले सामान्य मानेका समाजका विषयवस्तुलाई कथ्यका रूपमा चयन गर्दै तिनकै भाषाशैलीमा समस्या र जटिलताहरूको प्रयोग गर्ने कार्य यथार्थवादी रचनामा भएको पाइन्छ ।

यसरी यथार्थवादी साहित्यले सामान्य जनजीवनका विषयवस्तु, पात्र, भाषा, परिवेशको चयन गरी मानवीय दुर्बलता, कमजोरी, आपसी सम्बन्धका विषयलाई प्रस्तुत गर्नुका साथै वस्तुसत्यका यथातथ्यको प्रभावकारी प्रस्तुति गर्दछ । यस प्रकारको साहित्यमा जीवनको आदर्शपन नभई जे छ र जे देखिन्छ त्यही विषयलाई प्रस्तुत गरेको पाइन्छ । त्यसले गर्दा यथार्थवादी साहित्यका पाठकले हरेक कथा, विषय र घटनालाई आफ्नो कथाका घटना वा आफ्नै जीवनभोगाइका रूपमा महसुस गर्दछन् भन्ने मान्यता रहेको पाइन्छ ।

प्रस्तुत अनुसन्धानात्मक लेखमा रामलाल जोशीको 'छाडिएका भगवान्' कथालाई यथार्थवादका सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेर विश्लेषण गरिएको छ । अतः विषयलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी कथाले उठाएको कथ्यमाथि विमर्श तथा छलफल गरी निष्कर्ष निरूपण गरिएको छ ।

## ३. छाडिएका भगवान् कथामा अभिव्यक्त यथार्थका विविध रूप

प्रस्तुत कथा 'छाडिएका भगवान्' सुदूरपश्चिमको कोटिला गाउँ र त्यस गाउँको समकालीन यथार्थको प्रस्तुति गरिएको कथा हो । तराई धनगढीमा बस्दै आएको म पात्र रामनाथ आफ्ना जेठा मामाको सम्झना आएकाले धेरै समयपछि मामालाई भेट्न भनी कोटिला पुग्छ । आफ्नो बाल्यकाल बितेको उक्त ठाउँका प्रायः सबै वृद्धवृद्धाहरूले उसलाई चिनेका हुन्छन् । कथामा ठुला मामाका छोरा जयको शिक्षादीक्षा लगायतका विविध विषयलाई पूर्वस्मृतिका रूपमा प्रस्तुत गर्दै त्यसका माध्यमबाट आमाबुबाको सन्तानप्रतिको माया, लगाव र समर्पणलाई प्रस्तुत गरिएको देखिन्छ । कथामा मूलतः गाउँमा बुढाबुढी मात्रै रहेको र युवापुस्ता गाउँबस्ती छाडेर सहर र त्यहाँबाट पनि सुख र खुसीको खोजीमा देशबाहिर गएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । युवापुस्ताले छोडेको गाउँ कसरी खण्डहर बन्दै गएको छ भन्ने कुरालाई कथाले एकातिर प्रस्तुत गरेको पाइन्छ भने अर्कोतर्फ देश र जन्मस्थानप्रति वृद्धहरूको कतिसम्म प्रेम र लगाव छ भन्ने कुराका साथै नयाँ अर्थात् युवापुस्ता

देशप्रति बेवास्ता गर्दै वैयक्तिक सुख सुविधाका पछाडि कसरी भागिरहेको छ भन्ने कुरालाई ज्यादै मार्मिक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । कथामा मपात्र रामनाथ मामालाई भेट्न गएको सन्दर्भका साथै मामाको एक्लो वृद्धावस्थालाई कथाकारले जसरी प्रस्तुत गरेका छन् त्यसले वर्तमान समाजको यथास्थितिको प्रस्तुति गर्ने हुनाले कथामा यथार्थवादको प्रस्तुति भएको पाइन्छ । प्रस्तुत कथामा त्यस्ता थुप्रै वृद्ध आमाबुबाहरूलाई प्रस्तुत गरिएको छ जसको जीवन गाउँमा एक्लो अवस्थामा बितिरहेको छ र उनीहरूका सन्तान सुख र खुसीको खोजीमा विभिन्न विदेशी भूमिहरूमा पुगेका छन् । कथाले प्रस्तुत गरेको ग्रामीण भेगका वृद्ध पुस्ताको विचार, भावना र उनीहरूका जीवनमा घटित भैरहेका घटनाहरू, उनीहरूका अभिव्यक्तिका साथै तिनका सन्तानले देखाउने व्यवहार अभिव्यक्त गर्ने विचारलाई कथाले ज्यादै यथार्थसम्मत ढङ्गले प्रस्तुत गरेको पाइन्छ । अतः प्रस्तुत कथाले वर्तमान नेपाली समाजको ग्रामीण जनजीवनको यथास्थितिलाई वस्तुपरक ढङ्गले प्रस्तुत गरेको पाइन्छ र त्यही गुणका कारण प्रस्तुत कथा यथार्थवादी कथाको सबल नमुनाका रूपमा प्रस्तुत भएको देखिन्छ । कथामा नयाँपुस्ताका मनोभावना, विचार र व्यवहारको यथार्थताका साथै पुरानो पुस्ताको मनोभावना विचार र व्यवहारलाई यथार्थपरक रूपमा प्रस्तुत गरेको पाइन्छ । अतः यहाँ ती सन्दर्भहरूको अध्ययन गरिएको छ ।

### ३.१ वृद्ध पुस्ताको विचार अभिव्यक्तिले प्रस्तुत गरेको यथार्थ

प्रस्तुत कथामा सुदूरपश्चिम नेपालको एउटा ग्रामीण बस्ती कोटिलाको वास्तविक अवस्थाको प्रस्तुति पाइन्छ । कोटिला गाउँ र त्यहाँका वृद्ध आमाबुबाहरूको जुन दयनीय अवस्थाको प्रस्तुति कथामा पाइन्छ त्यो आफैमा प्रतिनिधि ग्रामीण बस्ती हो, जसले सम्पूर्ण नेपालका ग्रामीण बस्तीहरूको प्रतिनिधित्व गर्दछ भने यसमा प्रस्तुत गरिएका वृद्ध पात्रहरूले ग्रामीण जनजीवन र त्यहाँका पात्रहरूको प्रतिनिधित्व गर्दछन् । कथामा कथयिता पात्र रामनाथका जेठा मामाका साथै धामीबाजे, टिपुरा कन्सी, लाहुरेनी आमै, नौलाघर काका, बिबिसी बज्यै जस्ता पात्रहरूलाई प्रस्तुत गरिएको छ । ती शारीरिक रूपमा अत्यन्त रुग्ण देखिन्छन् । ती सबै पात्रहरूले आफ्ना सन्तानले जन्मभूमि र बाबुआमालाई छोडी जानुका/बिर्सनुका गुनासा र पीडा अभिव्यक्त गरेको पाइन्छ । धेरैवर्षपछि आफू जन्मेहुर्केको गाउँमा पुगेको रामनाथलाई देखेर आश्चर्य प्रकट गरेका धामीबाजेले मातृभूमिलाई कसैगरी बिर्सन सकिँदैन भन्ने रामनाथको अभिव्यक्तिको प्रत्युत्तरमा भनेका छन्- “बिर्सन सक्छन् बाबु, बिर्सन सक्छन् । जन्मभूमिलाई मात्र होइन, जन्म दिने बाआमालाई समेत चटक्क बिर्सेका छन् मान्छेका छोराहरूले” (जोशी, २०७९, पृ. १५६) । कथामा अभिव्यक्त धामीबाजेको यस अभिव्यक्तिले वर्तमान नेपाली समाजको यथार्थतालाई प्रस्तुत गरेको छ । वर्तमान समयमा युवापुस्ता आफ्नो जन्मस्थान र त्यस ठाउँलाई सम्झन समेत नचाहने वस्तुयथार्थलाई धामीबाजेको उपरोक्त भनाइले स्पष्ट पार्दछ ।

कथामा त्यस्ता थुप्रै वृद्धवृद्धाहरू छन् जसले आफ्ना सन्तानले छोडी जाँदा एक्लो, निरीह र निःसहाय बनी बाच्न बाध्य बनेको पाइन्छ । यस्ता पात्रहरूमध्ये कथयिता पात्र रामनाथका जेठा मामा नै महत्त्वपूर्ण पात्रका रूपमा उपस्थित छन् । जीवनको ऊर्जाशील समय सन्तानको उज्वल भविष्यको चिन्ताले प्रवासमा बिताएका रामनाथका जेठा मामा छोराले राम्रोसँग पढ्न सकोस् भनेर परदेश बसेको सन्दर्भ कथामा यसरी अभिव्यक्त छ- "छोराहरूलाई पढाउनकै लागि मामाले परदेश कुरेका थिए । आफ्ना छोराहरूलाई कुनै चिजको कमी हुन दिएका थिएनन्" (जोशी, २०७९, पृ. १४९) । आफ्ना छोराका लागि भनेरै जीवनको ऊर्वर समय परदेशमै बिताएका मामा बुढेसकालमा सन्तानको सहाराको आवश्यकता पर्ने समयमा दयनीय एक्लो जीवन बिताइरहेका देखिन्छन् । दुई छोरा जय र विजयमध्ये विजयको रहस्यमय हत्या भएपछि त्यही शोकमा रामनाथकी माइजूको पनि निधन हुन्छ । जेठो जय पहिला काठमाडौं बस्छ । पछि डिभी परेर अमेरिका जान्छ । जयले डिभी परेकोले अमेरिका जान लागेको र त्यहीँको नागरिक भएर बस्न पाइने बताउँदा उसका बाबु अर्थात् रामनाथका जेठा मामा भन्छन् "दुईचार वर्ष कमाउनका लागि त जाँ गए पनि हुन्छ तर सधैँभरि अम्रिका बस्ने मन नअरेस् लाटा" (जोशी, २०७९, पृ. १५४) । रामनाथका मामाको यस अभिव्यक्तिमा माटोको माया, जन्मभूमि र राष्ट्रप्रतिको प्रेम देखिन्छ । जो आम नेपाली बुढाबुढीको विचार र धारणासँग मेल खान्छ । गाउँको अवस्थाप्रति सङ्केत गर्दै रामनाथका मामाले भनेका छन्- "हेर भान्जौ, कति रहरलाग्दो थियो यो गाउँ । देवीथानको चौरमा सयौं युवायुवतीहरू जम्मा भएर खेलमाल गर्थे । ... ऐले आएर यो ठाउँ कति शून्य भयो । मुर्दा शान्तिमा परिणत भयो" (जोशी, २०७९, पृ. १५९) । रामनाथका मामालाई गाउँ रित्तिनुको चिन्ता छ । जो आम ग्रामीण भेगका बुढाबुढीहरूलाई हुने गर्छ । जय (छोरो) ले पटकपटक अमेरिका बोलाइरहेको विषयमा रामनाथले राखेको जिज्ञासामा उसका मामाले जुन जवाफ दिएका छन् त्यो विषय आफैमा अत्यन्त मार्मिक छ र जीवनमा आफ्नो जन्मभूमि र आफूले दुःख गरेको ठाउँप्रतिको मायालाई प्रस्तुत गर्दछ । मान्छेले आफ्ना जीवनका विभिन्न प्राप्ति अवस्थाप्रति कति गर्व गर्छ र त्यसमा कतिसम्म अभिमान गर्छ भन्ने कुराका साथै मान्छेमा हुने स्वाभिमानलाई रामनाथका मामाको यस अभिव्यक्तिले प्रस्तुत गर्छ- "अर्काकी आमाको दूध मैले कैल्यै चुसिनँ । अर्काका बाबुको काखमा म कैल्यै बसिनँ । अर्काको दुर्वचन मैले कैल्यै सहिनँ । यो बुढेसकालमा सहन अर्काको देशमा किन जाऊँ ?" (जोशी, २०७९, पृ. १६१) । वृद्धवृद्धाहरू यही स्वाभिमान बोकेर गाउँमा बसिरहेका छन्, तर यही स्वाभिमानलाई त्यागेर युवापुस्ता सुखसुविधा, सम्पन्नताको खोजीमा विदेश पलायन भैराखेको छ । त्यही सन्दर्भलाई कथाले प्रस्तुत गरेको पाइन्छ । केही समय जहाँ बसे पनि जीवन नै अर्काको देशमा बिताउनुहुन्न भन्ने रामनाथका मामाको विचार देखिन्छ । देशलाई त्यागेर सधैंभरिका लागि विदेसिने प्रवृत्तिप्रति असन्तुष्टि प्रकट गर्दै उनले भनेका छन्- "देश त्याग्नु भनेको बाबु त्याग्नु भएन र, भान्जौ ? जन्मभूमि त्याग्नु भनेको आमा त्याग्नु भएन र ?" (जोशी, २०७९, पृ. १६२) । रामनाथका मामाले जन्मभूमि र विदेशी भूमिका बिचको

भिन्नतालाई स्पष्ट पार्नेगरी बडो मार्मिक अभिव्यक्ति दिएको पाइन्छ । छोराबुहारीले बोलाएपछि एक्लै गाउँमा बस्नुभन्दा उतै जानु बेस हुन्छ भन्ने आशयको रामनाथको अभिव्यक्तिका प्रत्युत्तरमा मामा भन्छन्-

> वहाँ मेरो को छ र, भान्जौ ? मेरो के छ र ! मेरो सुवापानी लेक वहाँ छैन । डौटीको डाँडो वहाँ छैन । छडीखोला छैन । लोडेघाट वहाँ छैन । केवल छोराब्वारी छन् । उनीहरू पनि अब वहाँकै नागरिक भैसके । नागरिककै नाताले भन्ने हो भने पनि भान्जौ, म नेपाली नागरिक, उनीहरूअम्रिकन । अम्रिकन नागरिकको घरमा नेपाली नागरिक कति दिन बस्न सक्छ र, भान्जौ ? (जोशी, २०७९, पृ. १६२)

रामनाथका मामाको प्रस्तुत अभिव्यक्तिले अभिधार्थमा नागरिकताले पृथक् पारेको आशय अभिव्यक्त भएको पाइन्छ परन्तु यस अभिव्यक्तिभित्रको लक्ष्यार्थले छोराबुहारीको सहाराको आशमा विभिन्न देशमा गएर उनीहरूको यान्त्रिक जीवन देखेर सधैँभरि कोठामा थुनिनुपर्दाका पीडालाई अभिव्यक्त गर्दछ । आफ्नो जन्मभूमि र पैतृक सम्पत्तिबाट टाढिएकाको त्यसप्रतिको उत्तरदायित्वहीनतालाई सङ्केत गर्दछ भने छोराबुहारीको आशमा विदेश गएर तिरस्कार र अपमानबोध गरी दुःखी मन बनाएर अरुकै सहयोगमा स्वदेश फर्किएका आमाबाबुका कथाव्यथालाई सङ्केत गर्दछ । एकातिर आफ्नो गाउँको मायाले, जन्मस्थानको मायाले, जीवनभरिको आर्जनलाई त्याग्न नसक्नुका कारण गाउँमा एक्लै बसिरहेका वृद्धवृद्धाहरूको जीवनकथा र उनीहरूका व्यथालाई यस कथाले प्रस्तुत गरेको पाइन्छ भने अर्कोतर्फ बाध्यात्मक अवस्थामा छोराबुहारीहरूका पछि लागेर अपमानित, अपहेलित र तिरस्कृत वृद्ध पुस्ताका कारुणिकताप्रति लक्षित गरेको पाइन्छ र पनि प्रस्तुत कथाको मुख्य सङ्केत माटोप्रतिको माया नै हो भन्ने कुरालाई रामनाथका मामाका निम्नलिखित अभिव्यक्तिले थप पुष्टि गर्दछ :

> उनीहरू अब उहीँको माटोप्रति बफादार छन् । म आफ्नो माटोको प्रेममा चुर्लुम्म डुबेको छु । यही माटोमा मैले आँखा उघारें । यही कोटिला गाउँमा जीवनको पहिलो सास लिएँ । यही माटोमा रगत र पसिना बगाएँ । अब यसैमा आँखा चिम्लिन चाहन्छु, भान्जौ । मेरो सास यसैमा अडेको छ । मलाई यही माटो प्रिय छ । यहाँ मेरा देवीदेवता छन् । पुर्खाले पुजेका भगवान् छन् । पुर्खाको बिरासत छ । बाबाको बिरौटो छ । मेरो छोरालाई गाडेको खाल्टो यहीँ छ । मेरी जीवनसङ्गिनीले गाएको रनवन यहीँ छ । हिँडेको बाटो यहीँ छ । मेरा जीवनभरिका सम्झना यहीँ छन् । (जोशी, २०७९, पृ. १६२)

रामनाथका मामाले भनेझैँ यही जीवनको लगानी, यही आत्मीयता र आफ्नोपनलाई पाको पुस्ताले छोड्न सक्दैन । त्यसैले उनीहरू आफ्नो गाउँ छोड्न चाहँदैनन् । यो यथार्थता आम नेपाली ग्रामीण समाजका पुरानो पुस्ताको हो । रामनाथका जेठामामा तिनका प्रतिनिधि पात्र हुन् । उनीमात्र होइन । त्यस्ता प्रतिनिधि पात्रहरू प्रस्तुत कथामा अरु पनि छन् । आफू जवान हुँदा कसैका छोरा, लोग्नेले

विदेश गएर फर्किन बिर्सेमा चामल मन्त्रेर दक्षिण दिशामा फ्याकेपछि वर्षदिन भित्रमा उक्त व्यक्ति घर फर्किआउँछ भन्ने विश्वास गाउँलेले बनाएका धामीबाजेका दुवै छोरा बेलायतमा गएर बस्छन् र बाबुलाई फोन खबरसम्म गर्दैनन् । उनीहरू कहिले फर्किआउँछन् भन्नेसम्मको खबर थाहा छैन । कथामा आफ्ना सन्तानबाट छुट्टिएकी अर्की वृद्ध टिपुरी कन्सी छन् । उनको छोरो रमेश काठमाडौंमा घर बनाएर सपरिवार बस्छ । ऊ आमालाई काठमाडौंमै बोलाउँछ । तर उसकी आमा टिपुरी कन्सी भन्छिन्- "अब क्यार्नु छ, काठमाडौं बसेर ? गाई पाल्न मिल्दैन । बाखो पाल्न मिल्दैन । रोपाइँ गर्ने खेत छैन । कोदो लाउने उज्कलो छैन । ह्याँका जस्तो हावा दिने रुखहरू छैनन् । घरहरूले हावा दिँदैनन्" (जोशी, २०७९, पृ. १५७) । टिपुरी कन्सीको प्रस्तुत अभिव्यक्ति आम नेपाली ग्रामीण वृद्धवृद्धाको अभिव्यक्तिका रूपमा प्रस्तुत भएको पाइन्छ ।

जीवनभरि खेती, किसानी गरेर बिताएका; गाई, बाख्रा र भैँसी पालेर बिताएका बुढाबुढीले वृद्धावस्थामा सहरको एउटा घर कोठामा बसेर समय बिताउनुपर्दा थुनिएको महसुस गर्छन् र गाउँमै खुलेर बस्न मन पराउँछन् । यही यथार्थता टिपुरा कन्सीको अभिव्यक्तिले उजागर गर्दछ । गाउँमा जन्मेहुर्केका वृद्धवृद्धासहरको सङ्कीर्णतामा रमाउँदैनन् भन्ने आम धारणा यस कथामा यथार्थ र वस्तुपरक अभिव्यक्तिका रूपमा प्रस्तुत भएको पाइन्छ । गाउँमा एक्लै बसिरहेकी अर्की वृद्ध लाहुरेनी आमै हुन् । उनका छोराहरू अष्ट्रेलियामा बस्छन्, तर उनीहरू नेपाल फर्कने, गाउँ फर्कने कुरा गर्दैनन् भन्ने गुनासो लाहुरेनी आमैले गरेको पाइन्छ । त्यस्तै अर्को वृद्ध पात्र नौलाघरी काका हुन् । उनको एउटा छोरो कोरियामा र अर्को छोरो जापानमा छ । जेठो छोराले मुम्मइमा घर बनाएर बसेको विषय कथामा अभिव्यक्त भएको पाइन्छ । गाउँमा आज हो कि भोलि भन्ने अवस्थामा पुगेका नौलाघरी काकालाई आफ्ना सन्तानले जन्मस्थल चटक्कै छोडेर हिँडेको मन परेको देखिँदैन । उले भनेका छन्- "जसले भगवान् छोडेर जान्छ, उसले स्वर्ग भेट्दैन, बाबै" (जोशी, २०७९, पृ. १५८)। सबै वृद्धवृद्धाका अभिव्यक्तिमा गाउँ जन्मभूमि र देश छोडी जानेहरूप्रति गुनासो देखिन्छ । काम गर्न केही समयका लागि जानेहरूप्रति उनीहरूको गुनासो देखिँदैन तर सधैका लागि आफ्नो जन्मभूमिलाई छोडी जानेहरूप्रति ती वृद्धवृद्धाको तीव्र गुनासो देखिन्छ । वृद्धवृद्धाका ती गुनासामा आम नेपाली ग्रामीण बस्तीमा जीवनका अन्तिम क्षणहरू एक्लै, असहाय अवस्थामा बिताइरहेका वृद्धवृद्धाहरूका मनोभावना, विचार, चिन्तन, दयनीय दशाको चित्रण पाइने हुनाले प्रस्तुत कथा वर्तमान ग्रामीण नेपाली समाजको यथार्थ प्रस्तुतिका रूपमा देखापरेको छ ।

### ३.२ युवापुस्ताको अभिव्यक्तिमा प्रस्तुत भएको वर्तमान यथार्थ

प्रस्तुत कथामा मूलतः वृद्धावस्थाका पात्रहरूलाई प्रस्तुत गरिएको छ । ती पात्रहरूजसका सन्तान सुख सुविधाको खोजीमा कोही सहर पसेका छन् कोही विदेश पसेका छन् । उनीहरू गाउँ फर्कन चाहँदैनन् । त्यस्ता सन्तानका एक्ला वृद्ध बाआमाका कथाव्यथा बनेर प्रस्तुत भएको 'छाडिएका

भगवान्' कथामा युवापुस्ताले जीवनलाई कसरी हेरेको छ ? भन्ने कुरालाई समेत प्रस्तुत गरेको पाइन्छ । गाउँ शून्य हुनुमा युवापुस्ताको विदेश पलायन हो तर उनीहरू किन गाउँमाबस्न चाहन्नन् र आफ्ना आमाबाबुप्रति उनीहरूको केकस्तो दृष्टि/धारणा रहेको छ ? भन्ने विषयमा समेत कथाले केही मात्रामा बोलेको देखिन्छ । कथामा अभिव्यक्त युवाका ती धारणा नै वर्तमान नेपाली युवापुस्ताका आम धारणा भएकाले उक्त अभिव्यक्ति वा धारणा पनि यथार्थवादका निकट रहेको छ भन्ने देखिन्छ । आफ्ना छोराबुहारी नातिनातिना काठमाडौंमा आफ्नै घरमा बस्दै आएकोमा एक्लै अनकन्टार गाउँमा बसिरहेकी टिपुरा कन्सीलाई रामनाथले भनेको अभिव्यक्ति आम युवापुस्ताका भावनाको प्रतिनिधित्व गर्ने अभिव्यक्ति हो । उसले सम्झाउदै भनेको छ- "तपाईं काठमाडौं किन जानुहुन्न कन्सी ? आखिर रमेशले घर बनाइसक्यो । ... सहर भन्या सहरै हो । स्वास्थ्यलाई सुविधा हुन्छ" (जोशी, २०७९, पृ. १५७) । एउटा युवापुस्ता वृद्ध आमाबुबालाई वास्ता नगर्ने, उनीहरूको सेवा गर्नुलाई झमेला ठान्ने वर्ग त छँदैछ तर एउटा ठुलो समूहको नयाँ पुस्ता जो बाआमालाई खोजी त गर्छ तर उनीहरूका लागि सहर नै उपयुक्त हुन्छ भन्ने धारणा राख्छ । तिनका स्वास्थ्योपचारजस्ता महत्त्वपूर्ण तर्क पनि सान्दर्भिक देखिन्छन् । तिनै युवापुस्ताको अभिव्यक्तिका रूपमा रामनाथको भनाइ प्रस्तुत भएको देखिन्छ । कथामा त्यस्तै अर्को प्रसङ्गमा रामनाथका जेठा मामाका छोराको गुनासो देखिन्छ । गाउँमा एक्लै बस्दै आएका मामालाई रामनाथले सम्झाउने प्रयत्न गर्दै भनेको छ- "मामा जयले दशचोटि हजुरलाई बोलाइसक्यो क्यारे । कतिपटक त आफै पनि लिन आइसक्यो । मेरो अनुरोधलाई नमानेर बाबा आफ्नै जिद्दीमा बस्नुभएको छ भन्ने उसको गुनासो पनि छ" (जोशी, २०७९, पृ. १६१) । यसरी आफ्ना अभिभावकप्रति चासो राख्ने युवापुस्ता बाबुआमाका खुसीका लागि आफू गाउँमा बस्न सक्दैनन् । आफूसँगै बाआमा पनि सहरमा वा विदेशमा जानुपर्छ । त्यसमा नै उनीहरूको हित छ भन्ने तर्क र बुझाइ उनीहरूमा देखिन्छ । त्यही कुरालाई कथाले यथार्थपरक ढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

### ३.३ बसाइसराइ र नेपाली पहाडी ग्रामीण जीवनको शून्यताको यथार्थ प्रस्तुति

प्रस्तुत 'छाडिएका भगवान्' कथाले मूलतः वर्तमान पहाडी नेपाली ग्रामीण समाज, त्यहाँका उजाडिएका र रित्तिएका बस्तीको यथार्थ प्रस्तुति गरेको पाइन्छ । नेपाली ग्रामीण समाजमा वृद्धमात्र छन् र उनीहरूको अवस्था र मनोदशा दयनीय छ भन्ने कुराको यथार्थपरक चित्रण गर्नु प्रस्तुत कथाको मुख्य उद्देश्य देखिन्छ भने आफ्नो जन्मभूमि र जन्मदातालाई छोडेर सुखसुविधाका खोजीमा बाहिरिने युवापुस्ताको दृष्टिकोणलाई समेत कथाले यथार्थपरक ढङ्गले प्रस्तुत गरेको पाइन्छ । कथाको उद्देश्य पहाडी नेपाली ग्रामीण बस्तीहरू उजाडिँदै गएको यथार्थतालाई प्रस्तुत गर्नु रहेकाले यसको अर्को एउटा महत्त्वपूर्ण कारणका रूपमा सुख र खुसीको खोजीमा मान्छेको बसाइसराइ र तराई प्रवेश, भारतीय भूमिमै बसोबास पनि हो भन्ने कुरातर्फ पनि कथाले सङ्केत गरेको देखिन्छ । मूलतः रामनाथका जेठा मामा आफ्नो जन्मस्थल कोटिलामै एक्लै जीवन व्यतीत गरिरहेको परिप्रेक्ष्यमा अन्य

मामाहरूको प्रसङ्ग उठाएर यस कुरातर्फ कथाले सङ्केत गरेको पाइन्छ । हाट भर्न गएका पुजारी काकाले मधेस हेरेपछि बसाइ सरेको सन्दर्भसँगै भँडारीका चार मौजाले गाउँ त्यागेको, रजबारका कबिलाले सात घर र जग्गाजमीन त्याग गरेको, पाण्डेका परिवार गाउँ छोडेर हिँडेको, खड्का र विष्टका भाइहरू इन्डियाबाट गाउँ नफर्केको (जोशी, २०७९, पृ. १६०) सन्दर्भसँगै रामनाथका मामाको "हेर्दाहेर्दै यो गाउँ यसरी रित्तो भयो भान्जौ । पुर्खाहरूको विरासत बेवारिसे भयो । स्वर्गजस्तो गाउँ शून्य र उजाड भयो" (जोशी, २०७९, पृ. १६०) भन्ने भनाइले रित्तिँदै गएका नेपालका पहाडी क्षेत्रका ग्रामीण बस्तीको यथार्थतालाई प्रस्तुत गरेको पाइन्छ ।

## ४. निष्कर्ष

रामलाल जोशीद्वारा लेखिएको 'छाडिएका भगवान्' कथा सामाजिक यथार्थको प्रस्तुतिका दृष्टिकोणले महत्त्वपूर्ण छ । प्रस्तुत कथाले मूलतः सुदूरपश्चिमको एउटा पहाडी भेगको गाउँ कोटिलालाई परिवेश बनाई त्यहाँको वर्तमान यथार्थको प्रस्तुति गरेको छ । लेखकले नेपालको पहाडी ग्रामीण बस्तीको यथार्थलाई प्रस्तुत गर्ने क्रममा वर्तमान अवस्थामा ग्रामीण बस्ती युवाशून्य हुँदै गएको तथा वृद्धहरूमात्र गाउँमा रहेको सन्दर्भलाई प्रस्तुत गरेका छन् । यस क्रममा ग्रामीण बस्ती रित्तिनुको कारणका रूपमा पहाडी जटिल जीवनशैलीबाट तराई वा सहरको सुखद जीवन शैलीप्रतिको आकर्षण भएको कुरालाई कथाले प्रस्तुत गरेको छ भने युवापुस्ता सुख र सुविधाको खोजीमा गाउँ छाडेर सहर पस्ने र विदेश गएर उतैको नागरिक भई बस्ने प्रवृत्तिलाई कथामा प्रस्तुत गरिएको छ । कथाको मुख्य केन्द्रीय कथ्य भने तिनै गाउँमा बस्दै आएका वृद्धवृद्धाहरू बनेका छन् । आफू जन्मेको, जीवन बिताएको, रगत पसिना बगाएको जन्मभूमिप्रतिको मायालाई त्याग्न नसकेर आफूले जोडेको घर जमीनलाई कुरेर बसिरहेका बुढाबुढीहरूको यथार्थतालाई कथाले प्रस्तुत गरको छ । आफ्नो जन्मभूमिप्रतिको उनीहरूको दृष्टिकोण, त्यसप्रतिको सम्मान र जन्मथलो छोडी जानेहरूप्रतिको दृष्टिकोणलाई कथाले ज्यादै गहन तथा मार्मिक रूपमा प्रस्तुत गरेको छ । अतः प्रस्तुत कथा नेपाली पहाडी ग्रामीण समाजको केन्द्रीयतामा ती बस्तीको वर्तमान अवस्थाको यथार्थपरक प्रस्तुति, गाउँहरू रित्तिदै गएको सत्यतथ्य, गाउँमा बुढाबुढीहरू मात्रै बाँकी रहेको यथार्थतालाई प्रस्तुत गरेकाले 'छाडिएका भगवान्' कथा सामाजिक यथार्थको प्रस्तुतिका दृष्टिले सबल कथाका रूपमा प्रस्तुत भएको छ ।

## सन्दर्भ सामग्रीसूची

जोशी, कुमारबहादुर (२०५७), *पाश्चात्य साहित्यका प्रमुख वाद,* चौथो संस्क., पुलचोक : साझा प्रकाशन ।

जोशी, रामलाल (२०७९), *बाआमा,* काठमाडौं : बुकहिल पब्लिकेसन प्रा.लि. ।

त्रिपाठी, वासुदेव (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग २ तृतीय संस्क., पुलचोक : साझा प्रकाशन ।

बराल, ईश्वर (सम्पा.) (२०५५), *नेपाली साहित्यकोश*, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भारद्वाज, मैथिलीप्रसाद (सन् २०११), *पाश्चात्य काव्यशास्त्रके सिद्धान्त तृतीय संस्क.*, पंचकूला : हरियाणा साहित्य अकादमी ।

मिश्र, शिवकुमार (सन् १९७८), *यथार्थवाद*, नई दिल्ली : दि मैकमिलन कम्पनी आफ इंडिया लिमिटेड ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८), *पूर्वीय र पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली तेस्रो संस्क.* ललितपुर : साझा प्रकाशन ।